# कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १३९

**प्रस्ताव नं. (१)**

स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि, २०७७ मा व्यवस्था भए बमोजिम मूल्यांकन प्रकृया तत्काल अघि बढाउने।

**प्रस्ताव नं. (२)**

नवप्रवर्तन साझेदारी कोषमा माग गरिने आयोजनामा साझेदारी गर्ने र सहजीकरण संरचना निर्माण गर्ने।

**निर्णय नं. (१)**

प्रस्ताव नं (१) माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि, २०७७ को बारेमा यस बैठकमा जानकारी भयो। सो सम्बन्धमा गाउँपालिका क्षेत्रभित्रका सबै निर्वाचित जनप्रतिनिधी र गाउँपालिकाका सबै विषयगत शाखा तथा वडाका कर्मचारीहरुलाई समेत उक्त कार्यविधिको दफा ५ को उपदफा (१) को खण्ड (क) मा व्यवस्था भएको मूल्यांकन उद्देश्य र विधिबारे आगामी १५ दिनभित्र प्रशिक्षित गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने तथा राजस्व तथा आर्थिक प्रशासन शाखाका प्रमुख लेखा अधिकृत श्री अजित भट्टराईलाई कार्यविधिमा व्यवस्था भए बमोजिम सम्पर्क व्यक्ति तोकी यही मिति २०७८ साल फागुन मसान्तभित्र प्रारम्भिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (२)**

प्रस्ताव नं (२) माथि छलफल गर्दा गाउँ कार्यपालिकाको मिति २०७८।१०।२३ गतेको बैठकको निर्णयानुसार नवप्रवर्तन साझेदारी कोषमा माग गरिएको आयोजनामा गाउँपालिकाको तर्फबाट रु. ६० लाख बराबरको रकम गाउँपालिकाको समपूरक कोषबाट व्यहोर्ने र सो बाहेकको बाँकी रकम रु. २ करोड बराबरको रकम नवप्रवर्तन साझेदारी कोषमा माग गर्ने व्यवस्था मिलाउने गरी परियोजना प्रस्ताव गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो। यसका साथै उल्लिखित आयोजनाको प्रस्तावना तयारीदेखी कार्यक्रम सम्बन्धमा आइपर्ने सम्पूर्ण व्यवस्थापन गर्न देहाय बमोजिमको सहजीकरण संरचना गठन गर्ने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

**देहायः**

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | -संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| सूचना प्रविधि अधिकृत | -सदस्य |
| योजना शाखा प्रमुख | -सदस्य |
| शिक्षा अधिकृत | -सदस्य सचिव |

आजको बैठक सौहार्दपुर्ण वातावरणमा सम्पन्न भयो।

कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

निर्णय प्रमाणित

२०७८।१०।२६

प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७८।१०।२६ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय**